# तनहुँ जलविद्युत आयोजना निर्माणले गति लिँदै




तनहुँ(जस)-यहाँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना निर्माणले गति लिएको छ । हालसम्म आयोजनाको भौतिक प्रगति ५९ प्रतिशत पुगेको आयोजनाले जनाएको छ । बर्खायामको समयमा सेतीनदीमा आउने बाढीका कारण थोरै निर्माण प्रभावित भएको आयोजनाले जनाएको छ । आयोजनाको प्याकेज-१ अन्तर्गत बाँध निर्माणका लागि कङ्क्रिटको काम नदी किनारमा बसेर गर्दा डाँडाबाट ढुङ्गा खस्ने हुँदा निर्माण प्रभावित भएको आयोजनाका प्रबन्ध निर्देशक किरण श्रेष्ठले जानकारी दिए ।

उनले भने, "आयोजनाको प्याकेज-१ मा ३५, प्याकेज-२ मा ७३ र प्याकेज-३ मा ७३ प्रतिशत कार्य प्रगति भएको छ, "वर्षा रोकिएपछि निर्माणले गति लिने छ ।" आयोजनाको प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीसँग विसं २०७८ भदौ १४ गते ठेक्का सम्झौता भइ काम भइरहेको छ । आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ निर्माण गर्न सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गते खरिद सम्झौता भएको थियो ।

त्यसैगरी, प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभी डबल सर्किट प्रसारण लाइन निर्माणका लागि केइसी इन्टरनेसनल लिमिटेड, भारतसँग विसं २०७५ पुस १० गते खरिद सम्झौता भइ विसं २०७५ फागुन १० देखि कार्यान्वयनमा आइसकेको छ । आयोजना निर्माणका लागि एसियाली विकास बैङ्‌ (एडिबी)ले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर गरी ५० करोड ५० लाख अमेरिकी डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको आयोजनाले जनाएको छ ।

# नेप्से परिसूचकमा ७५ अंकको वृद्धि



काठमाडौं(जस)-नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक ७५ दशमलव ३३ अङ्क अर्थात् तीन दशमलव ०३ प्रतिशतले बढेर दुई हजार पाँच सय ६३ दशमलव ४३ को बिन्दु कायम भएको हो । मंगलबार तीन सय १७ कम्पनीको तीन करोड ९७ लाख ९० हजार आठ सय ८९ कित्ता शेयर एक लाख ७१ हजार तीन सय ८७ पटक खरिदबिक्री हुँदा रु १४ अर्ब ११ करोड ६३ लाख ३० हजार नौ सय ९५ बराबरको कारोबार भएको छ ।

मंगलबारको कारोबारमा सबै समूहका उपसूचक हरियो देखिँदा सबैभन्दा धेरै व्यापार समूहको उपसूचक पाँच दशमलव ०६ र जीवन बीमा समूहको उपसूचक चार दशमलव ४५ प्रतिशतले बढेको छ । छ वटा कम्पनीको शेयर मूल्यमा मंगलबार सकारात्मक सर्किट लागेको छ । समृद्धि फाइनान्स कम्पनी लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड, माण्डु हाइड्रोपावर लिमिटेड, हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड, नेपाल वायरहाउजिङ कम्पनी लिमिटेड र साहस ऊर्जा लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो ।

सबैभन्दा धेरै शेयर मूल्य गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको घटेको छ । गणपतिको शेयर मूल्य पाँच दशमलव ८३ प्रतिशतले घटेको हो । कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु २४ करोड ६९ लाख २३ हजार सात सय ९२ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा नबिल ब्यालेन्स फन्ड-२ को १६ लाख दुई हजार आठ सय ३५ बराबरको कारोबार भएको छ ।

# कृष्णनगर विद्युत केन्द्रद्वारा एक अर्ब २८ करोड राजस्व संकलन

कपिलवस्तु(जस)-नेपाल विद्युत् प्राधिकरण कृष्णनगर वितरण केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा रु एक अर्ब २८ करोड ७९ लाख ५१ हजार सात सय ९२ रुपैयाँ ६५ पैसा राजस्व सङ्कलन गरेको छ । वितरण केन्द्रका प्रमुख सुशील पौडेलका अनुसार गत आवको तुलनामा ३७ दशमलव ८६ प्रतिशत बढी राजस्व सङ्कलन गरेको हो । कृष्णनगर वितरण केन्द्रका प्रमुख सुशील पौडेलले भने, "आव २०७९/८० मा कृष्णनगर वितरण केन्द्रले रु ९३ करोड ४२ लाख २३ हजार आठ सय ५१ रुपैयाँ २५ पैसा सङ्कलन गरेको थियो ।"

गत आवमा नेपाल विद्युत् प्राधिकरण कृष्णनगर वितरण केन्द्रमार्फत १३ करोड ९३ लाख ७३ हजार पाँच सय ३७ युनिट खपत भएको केन्द्र प्रमुख पौडेलले जानकारी दिए । आव ०७९/८० मा नौ करोड ९२ लाख ४३ हजार दुई सय ८६ युनिट खपत भएको थियो । गतवर्षको तुलनामा ४० दशमलव ०५ प्रतिशत खपत वृद्धि भएको कृष्णनगर वितरण केन्द्रले जनाएको छ ।

प्राधिकरणले ४५ दिनको लक्ष्य लिए पनि ४१ दिनमा लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफल भएको हो । हुकिङमार्फत विद्युत् चोरी गर्ने ५४ जनालाई कारबाही गरी रु आठ लाख १९ हजार सात सय २२ रुपैयाँ ५४ पैसा सङ्कलन गरेको छ । कालोसूचीमा परेका ६१ ग्राहकबाट रु ४७ लाख ७९ हजार ९६ रुपैयाँ ३१ पैसा, मिटरबाट सिधा विद्युत् चोरी गर्ने १० जनामार्फत रु दुई लाख ४४ हजार चार सय ४१ रुपैयाँ ९६ पैसा जरिवाना रकम लिइएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले 'डिमान्ड' चुहावटमा परेका ८२ जनामार्फत रु तीन लाख तीन हजार नौ सय ५३, बन्दी मिटरबाट रु चार लाख २९ हजार चार सय ७५ रुपैया ५४ पैसा असुल गरेको छ । विद्युत् महसुल शुल्क नतिरेका दुई हजार तीन सय ४९ जनामार्फत रु छ करोड ७५ लाख आठ सय ३३ सङ्कलन गरेको हो । केन्द्रले सडक बत्तीको रु सात करोड चार लाख ३७ हजार नौ सय ८३ रुपैयाँ बक्यौता रहेको जनाएको छ । सरकारी अनुदान बक्यौता रु छ करोड छ लाख ३३ हजार एक सय ७७ रुपैयाँ ९५ पैसा रहेको छ ।

वितरण केन्द्रले कपिलवस्तुको चोरखोला गाउँमा ६२ वर्षपछि विद्युतीकरण गरी गाउँमा बत्ती बालेको छ । आव २०८०/८१ मा कृष्णननगर मातहत सञ्चालित विभिन्न १३ योजनामध्ये आठवटा सम्पन्न भएका छन् ।

# कोदोको उत्पादन घट्दै जाँदा आयात बढ्यो



झापा(जस)-पूर्वीनाका काँकडभिट्टाबाट कोदोको आयात अघिल्लो वर्षका तुलनामा वृद्धि भएको छ । प्लान्ट क्वारेन्टिन कार्यालय काँकडभिट्टाका सूचना अधिकारी चन्द्रकिशोर ठाकुरले २०८०/८१ मा रु ८५ करोड ४२ लाख ५६ हजार मूल्य बराबरको १७ हजार सात सय ९७ मेट्रिक टन कोदो भारतबाट आयात भएको जानकारी दिए ।

उनका अनुसार आव २०७९/८० मा रु ५१ करोड ३१ लाख २० हजार मूल्य बराबरको १६ हजार ३५ मेट्रिक टन कोदो भारतबाट आयात भएको थियो । नेपालमा कोदो बाली उत्पादन घट्दै जाँदा भारतलगायत तेस्रो देशबाट कोदोको आयात बढेको सूचना अधिकारी ठाकुरले बताए । पूर्वी पहाडी जिल्लामा यथेष्ट उत्पादन हुने फर्सी विक्री नहुँदा किसान गाईभैंसीलाई खोले पकाएर खुवाउँछन् । तर त्यही फर्सी बजारमा भने भारतबाट ठूलो मात्रामा आयात हुने गरेको छ । उनले सोही अवधिमा फर्सी मात्र रु २१ करोड १४ लाख ८० हजारको १० हजार पाँच सय ७४ मेट्रिक टन आयात भएको जानकारी दिए ।

उनका अनुसार गत एक वर्षमा रु एक अर्ब दुई करोड २२ लाख ६० हजार मूल्य बराबरको ५१ हजार एक सय १३ मेट्रिक टन गोलभेंडा, रु २९ करोड ५७ लाख ४० हजार मूल्य बराबरको १४ हजार सात सय ८७ मेट्रिक टन हरियो खुर्सानी पूर्वीनाका हुँदै भारतबाट भित्रिएको छ । सोही अवधिमा रु ५७ करोड ७३ लाख ८० हजार मूल्य बराबरको २८ हजार आठ सय ६९ मेट्रिक टन करेला, रु ३० करोड सात लाख ८० हजार मूल्य बराबरको १५ हजार २९ मेट्रिक टन भिन्डी र रु १५ करोड ६७ लाख २० हजार मूल्य बराबरको सात हजार आठ सय ३६ मेट्रिक टन सिमी आयात भएको सूचना अधिकारी ठाकुरले जानकारी दिए ।

पूर्वीनाकाबाट सोही अवधिमा रु १३ करोड आठ लाख ४० हजार मूल्य बराबरको छ सय ९२ मेट्रिक टन प्याज, रु २५ करोड ६५ लाख ६० हजार बराबरको १२ हजार आठ सय २८ मेट्रिक टन परवल, रु ६७ करोड ७० लाख मूल्य बराबरको तीन हजार आठ सय ३५ मेट्रिक टन घिरौला, रु ११ करोड १७ लाख मूल्य बराबरको पाँच हजार पाँच सय ८५ मेट्रिक टन गाजर, रु ३१ करोड ५० लाख मूल्य बराबरको एक हजार पाँच सय ७५ मेट्रिक टन स्कुस र रु तीन करोड ८० लाख ४० हजार बराबरको एक हजार नौ सय दुई मेट्रिक टन तरुल भारतबाट आयात भएको तथ्याङ्कले देखाउँछ ।

मधेसबाट हिमाली जिल्लासम्म उत्पादन हुने फापरसमेत भारतबाट ठूलो मात्रामा आयात हुने गरेको छ । सूचना अधिकारी ठाकुरका अनुसार एक वर्षमा रु एक करोड ३५ लाख ८५ हजार मूल्य बराबरको दुई सय नौ मेट्रिक टन फापर, रु चार करोड ६१ लाख ७६ हजार मूल्य बराबरको एक हजार चार सय ४३ मेट्रिक टन मकै (पशु दाना) आयात भएको छ ।

कार्यालयका अनुसार सोही अवधिमा रु चार अर्ब ८७ करोड ६५ लाख १८ हजार बराबरको ९८ हजार तीन सय ९४ मेट्रिक टन फलफूल तथा चामल, रु १७ करोड २८ लाख २४ हजार बराबरको सात हजार दुई सय एक मेट्रिक टन र दलहन (गेडागुडी) रु दुई करोड ४० लाख ९६ हजार मूल्यको आयात भएको कार्यालयको तथ्याङ्कले देखाएको छ । भारतबाट आयातित तरकारीका कारण स्वदेशमा किसानले उत्पादन गर्दै आएको तरकारी बाली बजारमा बिक्री नभएको किसानको गुनासो छ ।

# पन्ध्र अर्बको चिया, अलैची र अदुवा निर्यात

झापा(जस)-पूर्वीनाका काकडभिट्टाबाट आर्थिक वर्ष २०८०/०८१ मा रु. १५ अर्ब ३३ करोड १७ लाख ५३ हजार मूल्य बराबरको अलैची, चिया, अदुवा र अम्रिसो भारत निर्यात भएको छ । उक्त अवधिमा रु. १८ अर्ब ९५ करोड ७८ लाख ८५ हजार बराबरको कृषिजन्य वस्तु भारत निर्यात भएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा काँकडभिट्टाबाट रु. छ अर्ब ९८ करोड ८८ लाख मूल्यको जैविक चिया भारत निर्यात भएको क्वारेन्टिन कार्यालयका सूचना अधिकारी चनद्रेश्वर यादवले बताए । यो नाकाबाट सबैभन्दा धेरै अलैची, चिया, अदुवा र अम्रिसो निर्यात भएको छ । सोही अवधिमा ११ हजार ६४८ मेट्रिक टन चिया निर्यात भएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा यही नाका भएर रु. छ अर्ब ५२ करोड १७ लाख मूल्य बराबरको चार हजार ५१० मेट्रिक टन अलैची भारत निर्यात भएको छ । सूचना अधिकारी यादवका अनुसार उक्त अवधिमा रु. एक अर्ब २४ करोड आठ लाख ५० हजार मूल्य बराबरको नौ हजार ५४५ मेट्रिक टन अम्रिसो भारत निर्यात भएको छ । पहाड र तराईमा उत्पादन हुने अदुवा ठूलो परिमाणमा निर्यात हुने कृषिवस्तुमध्ये एक हो ।


**नौलो आवास मल्टीपर्पोज कम्पनी प्रा.लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०८/०१ मा दर्ता भई प्रा.लि.नं.१७८४३८/०७४/०७५ कायम रहेको **नौलो आवास मल्टीपर्पोज कम्पनी प्रा.लि.**लाई खारेजी(लिक्विडेशन)मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/०३/३१ गतेको विशेष साधारण सभाले निर्णय गरेकोहुँदा यस कम्पनीले तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व, ऋण, बाँकी-बक्यौता, लेनदेन आदि भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण हकदावी गर्नको लागि सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदकः हरि राम पौडेल**
**लिक्वीडेटर**
**इजाजत पत्र नं. ४९७, फोन नं.: ९८६२४२४२४२**



**कतारमा रोजगारको सूवर्ण अवसर ।**

**FACILITIES MANAGEMENT AND MAINTENANCE COMPANY**

पूर्व:स्वीकृति मिति : २०८०/०१/०७ LT.No: 285152 चलानी नं.६०२००८४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखिकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

**वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भवाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला । ८) छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्ने छ ।

**अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०८१ साउन १६ गते (31 July, 2024) यस प्रा. लि. को कार्यालय महाराजगञ्जमा हुनेछ ।**

**अल-आसमाक्स कम्पनी प्रा. लि.**
महाराजगञ्ज, चक्रपथ, सल्लाधारी, काठमाडौं, नेपाल
फोन नं.: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२, ४६५०४७३
Email : recruitment@asmacs.com.np
श्रम ईजाजत पत्र नं. ७४८/०६४/०६५

www.jobs4hunt.com is the road to your succes in your carrer



**त्रिपुरासुन्दरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिस्कर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**सुनकोशी नदी जुरे आसपास क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल, रोडा, माटो, आदिको सङ्कलन एवम् विक्री शुल्क संकलन गर्ने सम्बन्धी बोलपत्र आह्वान (E-bid) सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/०९*
*(ठेक्का नं : TSRM/NCB/IR/2081/082-01)*

यस गाउँपालिकाको सुनकोशी नदी जुरे आसपास क्षेत्रबाट ढुङ्गा,गिट्टी, बालुवा, ग्रावेल,रोडा, माटो, आदिको सङ्कलन एवम् विक्री शुल्क संकलनका निम्ति विद्युतीय बोलपत्रको माध्यमबाट बढाबढ गरी संकलन गर्नुपर्ने भएकाले ईच्छुक फर्महरुबाट आफ्नो नागरिकताको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्र (नवीकरण) , भ्याट प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र तथा उक्त कार्य गर्न योग्य भएको स्व-घोषणापत्र सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र रितपूर्वक विद्युतीय बोलपत्र www.bolpatra.gov.np/egp साइट मार्फत पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| न्यूनतम दररेट | अधिकतम परिमाण | न्यूनतम कबोल रकम | पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | बोलपत्र जमानत |
|---|---|---|---|---|---|
| रु. ७ (प्रति घ.फि.) | २,६७,५०० (घ.फि.) | १८,७२,५०० (भ्याट बाहेक) | २०८१ भदौ ७ गते दिउँसो १२:०० बजेसम्म | २०८१ भदौ ७ गते दिउँसो १:०० बजे | कबोल अंकको ५% रकम |

*शर्तहरु*

१. ठेक्का मान्य अवधि उत्खनन् संकलनको हकमा सम्झौता भएको मितिदेखि २०८२ जेठ मसान्तसम्म र बिक्रिको हकमा असार मसान्तसम्म रहनेछ ।
२. बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको ग ३.१ त्रिपुरासुन्दरी गाउँपालिका धरौटी खाता/खाता नं. ०७३०१०४०२५००९२ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र वाणिज्य बैंक जमानत पत्र (बिड बण्डको सक्कल प्रति) बोलपत्रमा संकलन गरी पेश गर्नुपर्नेछ ।
३. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर रु. ३००० यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट बैंकको पिस्कर शाखामा रहेको ग १.१आन्तरिक राजश्व खाता / खाता नं ०७३०१४००२५००१६ मा दाखिला गर्नुपर्नेछ ।
४. कुनै पनि कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
५. बोलपत्रदाताहरुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा खुलाउनुपर्नेछ, यदि अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ ।
६. यस बोलपत्र सम्बन्धि विस्तृत जानकारी www.bolpatra.gov.np/egp बाट तथा कार्यालयमा सम्पर्क राखि प्राप्त गर्न सकिनेछ ।
७. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

*प्रमुख प्रशासकीय अधिकृत*